मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ३ गते शनिबार ❑ 19 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा-दुबई उडान दिगो बनाउन प्रदेश सरकार र निजी क्षेत्र एकजुट

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

पर्यटनको राजधानि पोखराबाट सुरु हुन लागेको अन्तर र्राष्ट्रिय हवाई सेवालाई नियमित र दीर्घकालीन बनाउन गण्डकी प्रदेश सरकार, निजी क्षेत्र तथा पर्यटन व्यवसायी एकजुट भएका छन् ।

पोखरा-दुबई उडानलाई कम्तीमा ६ महिना निरन्तर सञ्चालन हुने वातावरण बनाउन प्रदेशका सबै जिल्ला तथा अन्तरप्रदेशमा संयुक्त रूपमा प्रवर्द्धन गर्ने सहमति र प्रतिबद्धता जनाइएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्रबार आफ्नै कार्यालयमा प्रदेशका जनप्रतिनिधि, पर्यटन व्यवसायी, उद्योगी तथा निजी क्षेत्रका प्रतिनिधिलाई बोलाएर पोखरा-दुबई अन्तर र्राष्ट्रिय उडानको प्रभावकारिता र दिगोपनाका विषयमा छलफल गर्नुभएको हो । छलफलमा मुख्यमन्त्री पाण्डेले पोखराबाट अन्तर्राष्ट्रिय उडान सुरु हुनु आफैंमा महत्वपूर्ण उपलब्धि भए पनि त्यसलाई नियमित बनाउन सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले कम्तीमा प्रारम्भिक ६ महिनासम्म उडान नियमित हुने गरी यात्रु माग सिर्जना गर्न र सेवा प्रवर्द्धन गर्न प्रदेश सरकार तथा निजी क्षेत्रले संयुक्त रूपमा अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले पोखरा-दुबई उडानलाई दिगो बनाउन आवश्यक समन्वय तथा प्रवर्द्धनका लागि एउटा समिति गठन गर्ने तयारीसमेत रहेको जानकारी दिनुभयो । नियमित अन्तर्राष्ट्रिय उडान सुनिश्चित गर्न सके यसको सकारात्मक श्रेय नेतृत्वमा रहेका सबै पक्षलाई जाने भएकाले अहिले नै सबै सरोकारवाला गम्भीर भएर लाग्नुपर्ने उहाँको भनाइ थियो ।

**होटलदेखि रेस्टुरेन्टसम्म छुट र विशेष प्याकेज**

पोखरा-दुबई उडान सुरु भएसँगै पोखराका होटल, रेस्टुरेन्ट तथा पर्यटन व्यवसायीले यात्रु तथा पर्यटक आकर्षित गर्न विभिन्न छुट, उपहार तथा विशेष पर्यटन प्याकेज घोषणा गरेका छन्। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरिबहादुर भुजेलका अनुसार दुबईबाट पोखरा आउने पर्यटकलाई लक्षित गरी होटल आवास, खानपिन, साहसिक पर्यटन तथा अन्य पर्यटकीय गतिविधिमा विशेष छुटसहितका प्याकेज ल्याउने तयारी गरिएको छ । पर्यटकलाई आकर्षित गर्न विभिन्न होटल तथा पर्यटन व्यवसायबाट गिफ्ट ह्याम्परसहितका कार्यक्रमसमेत अघि सारिएको उहाँले बताउनुभयो । होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार संघअन्तर्गतका केही होटलले पोखरा-दुबई उडानबाट यात्रा गर्ने यात्रु तथा पर्यटकलाई हाल कायम रहेको मूल्यमा २५ प्रतिशतसम्म छुट दिने घोषणा गरेका छन् । प्रारम्भिक रूपमा यस्तो छुट तीन महिनाका लागि लागू गरिने उहाँले जानकारी दिनुभयो । त्यसैगरी, रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराले पनि उडानबाट आउने पर्यटक तथा यात्रुलाई लक्षित गर्दै खानामा २० प्रतिशत छुट दिने भएको छ । रेवान पोखराका अध्यक्ष वसन्त गौतमले उडान प्रवर्द्धनमा निजी क्षेत्रले आफ्नोतर्फबाट सहयोग गर्न यस्तो योजना ल्याइएको बताउनुभयो ।

**केही होटलले निःशुल्क आवास दिने**

पोखरा-दुबई उडानको प्रवर्द्धनमा पर्यटन व्यवसायीले थप आकर्षक योजना अघि सारेका छन्। प्रदेश सांसद तथा होटल गुडविलका सञ्चालक गणेशबहादुर गुरुङ, पोखरा पर्यटन परिषद्का अध्यक्ष हरिबहादुर भुजेल तथा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष संगिता पौडेलले समेत आफ्ना होटल तथा रिसोर्टबाट निश्चित संख्यामा निःशुल्क कोठा उपलब्ध गराउने घोषणा गर्नुभएको हो । यस्ता पहलले दुबईबाट पोखरा आउने पर्यटकलाई प्रारम्भिक चरणमै आकर्षित गर्न तथा पोखराको पर्यटन बजारमा सकारात्मक सन्देश प्रवाह गर्न सहयोग पुग्ने व्यवसायीहरूको विश्वास छ ।

लेखनाथ होटल तथा रेस्टुरेन्ट व्यवसायी संघका अध्यक्ष सूर्यबहादुर लामिछानेले लेखनाथ क्षेत्रका होटल व्यवसायीले पनि पोखरा-दुबई उडानबाट आउने तथा जाने यात्रु र पर्यटकलाई लक्षित गरी होटल आवासमा विशेष छुट दिने बताउनुभयो ।

यसैबिच, पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा-दुबई उडानलाई प्रारम्भिक चरणमा कम्तीमा ६ महिनासम्म निरन्तर सञ्चालन गर्न सके त्यसलाई नियमित उडानका रूपमा स्थापित गर्ने आधार बन्ने बताउनुभयो । उहाँका अनुसार उडान सुरु भएको केही समयमै माग कमजोर भयो भने अन्तर्राष्ट्रिय उडान निरन्तरता पाउन चुनौती हुन सक्छ। त्यसैले पहिलो ६ महिना पोखराका साथै गण्डकी प्रदेशका सबै जिल्ला र छिमेकी प्रदेशबाट समेत यात्रु आकर्षित गर्ने गरी सामूहिक प्रवर्द्धन अभियान सञ्चालन गर्न आवश्यक छ। "सबै क्षेत्रले आ-आफ्नो ठाउँबाट सहयोग गरेर यो उडानलाई कम्तीमा ६ महिना धान्न सक्ने वातावरण बनाउन सक्यौं भने नियमित अन्तर्राष्ट्रिय उडानका लागि बलियो आधार तयार हुन्छ," श्रेष्ठले भन्नुभयो । उहाँले पोखरा-दुबई उडानलाई केवल हवाई सेवा नभई पोखराको पर्यटन, व्यापार र समग्र गण्डकी प्रदेशको अन्तर्राष्ट्रिय बजार विस्तारसँग जोडेर हेर्नुपर्ने बताउनुभयो । **प्रदेशदेखि स्थानीय तहसम्म प्रवर्द्धनको तयारी**

पोखराबाट दुबईको नियमित उडान सुरु भएपछि यसको लाभ पोखरा मात्रै नभई गण्डकी प्रदेशका सबै जिल्लाले लिन सक्ने गरी प्रवर्द्धन अभियान सञ्चालन गर्ने तयारी गरिएको छ। प्रदेशका विभिन्न पर्यटकीय गन्तव्य, होटल तथा पर्यटन गतिविधिलाई अन्तर र्राष्ट्रिय बजारसँग जोड्दै दुबईबाट आउने पर्यटकलाई पोखरा तथा आसपासका क्षेत्रमा बसाइ लम्ब्याउने वातावरण बनाउनुपर्नेमा व्यवसायीहरूले जोड दिएका छन्। छलफलमा प्रदेश सांसद प्रकाश बराल, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतम, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली, टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यलगायत उद्योग, पर्यटन तथा निजी क्षेत्रका प्रतिनिधिको सहभागिता थियो। पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको लामो समयपछि पहिलोपटक नियमित अन्तर र्राष्ट्रिय व्यावसायिक उडानका रूपमा पोखरा-दुबई सेवा सुरु हुन लागेकाले यसलाई सफल बनाउने जिम्मेवारी सरकार र निजी क्षेत्र दुवैको रहेको सहभागीहरूको भनाइ थियो । फ्लाई दुबईले सेप्टेम्बर २३ (असोज ७) देखि पोखरा-दुबई दैनिक सिधा उडान सुरु गर्ने तयारी गरेको छ। यसलाई प्रारम्भिक चरणमै यात्रुको पर्याप्त माग सिर्जना गर्दै नियमित र दीर्घकालीन बनाउन प्रदेश सरकार, पर्यटन व्यवसायी, होटल तथा रेस्टुरेन्ट व्यवसायी र निजी क्षेत्रले आफ्ना सेवा तथा प्रवर्द्धनात्मक प्याकेज सार्वजनिक गर्न थालेका हुन् । पोखराबाट अन्तर्राष्ट्रिय उडानलाई नियमित बनाउन सुरु भएको यो सामूहिक पहलले उडानको व्यावसायिक सम्भावना बढाउनेसँगै पोखरालाई अन्तर र्राष्ट्रिय पर्यटन बजारसँग थप प्रत्यक्ष रूपमा जोड्ने अपेक्षा गरिएको छ।

## तेह्र मुलुकका लागि राजदूत सिफारिस

**रासस**
काठमाडौं, २ असोज

सरकारले छिमेकी दुईसहित १३ मुलुकका लागि राजदूत नियुक्त गर्न सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न मुलुकका लागि राजदूत नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद्समक्ष लेखी पठाउने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

सरकारले भारतका लागि नेपाली राजदूतमा डा निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा र संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापालाई राजदूतका लागि सिफारिस गरेको छ।

त्यस्तै, बेलायतका लागि गौरव शमशेर जङ्गबहादुर राणा, जर्मनीका लागि शरू जोशी, इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन र जापानका लागि जिज्ञानकुमार थापा सिफारिस हुनुभएको छ।

ओमानका लागि डा पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, गणतन्त्र कोरियाका लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा मञ्चला झा तथा साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई राजदूतमा सिफारिस गरिएको मन्त्री पोखरेलले बताउनुभयो। यसैगरी, मन्त्रिपरिषद् बैठकले सहसचिव रुद्रसिंह तामाङलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ। बैठकले नेपाल विद्युत् प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा काठमाडौंका दीर्घायुकुमार श्रेष्ठलाई नियुक्त गर्ने निर्णय गरेको छ।

सरकारले नेपाल नागरिकता (पाँचौं संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ । साविकमा कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत रहेको नेपाल मौसम विज्ञान विभागलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहने गरी नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ संशोधन गर्ने निर्णय पनि बैठकले गरेको छ।

## जलवायु परिवर्तनको जोखिम कम गर्न माग राख्दै मनास्लुमा आमरण अनसन

**पोखरापत्र संवाददाता**
गोरखा, २ असोज

जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण गर्न र हिमताल संरक्षणको माग गर्दै मनास्लु क्षेत्रका बासिन्दाले आमरण अनसन सुरु गरेका छन् ।

चुमनुब्री गाउँपालिका-१ सामागाउँका दावा नोर्वु लामासहित ११ युवाले जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण गर्नेसहित आठ बुँदे माग राख्दै आजदेखि मनास्लु आधार शिविरमा आमरण अनसन सुरु गरेका हुन् । उहाँहरुले मनास्लु बेसक्याम्पभन्दा माथि चार हजार ९०० मिटर उचाइमा अनसन थाल्नुभएको हो ।

मागपत्रमा मनास्लु आधार शिविर तथा पुङ्गेन गुम्बामा यस वर्ष धेरै नयाँ हिमताल थप भइरहेकाले यसबाट उत्पन्न हुने जोखिमको अध्ययन तथा यसबाट बच्न अपनाउनुपर्ने उपायको खोजी गर्न सरकारसमक्ष माग गरिएको छ । मनास्लुको फेदमा वीरेन्द्र ताल, कालताल, घुन्सारफुकमा रहेको ताल, न्योचुथानमा रहेका तीनवटा जोखिमयुक्त ताल एवं मनास्लु क्षेत्र र चुम क्षेत्रमा रहेका हिमतालको हवाइ निरीक्षण गर्नसमेत माग गरिएको छ । ती ताल र नदीमा पानीको जलसतह नाप्ने संयन्त्र र जोखिम बढेमा सर्वसाधारणलाई सतर्क गराउन साइरन बज्ने प्रविधि जडान गर्न उहाँहरुले मागपत्रमार्फत माग गर्नुभएको छ । नेपाल र चीनका सीमावर्ती क्षेत्रमा रहेका हिमताल तथा हिमनदीको संयुक्त रुपमा अध्ययन, अनुगमन गर्न माग गरिएको छ । देशभरका हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढिरहेको जलसतहको नियमित अनुगमन र निगरानी राखी त्यसबाट उत्पन्न जोखिमबाट आसपासका नागरिकलाई सुरक्षित राख्न पहल गर्नुपर्ने माग गरिएको छ । सबै हिमाली क्षेत्रका विद्यालयमा जलवायु

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**संविधान दिवस भव्यरूपमा मनाऔं**

- **संविधान देशको मुल कानून हो,**
- **नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,**
- **नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,**
- **संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,**
- **संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,**
- **विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं । संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।**


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कांग्रेसको वडा अधिवेशनमा सहभागी हुन आग्रह

**रासस**
काठमाडौं, २ असोज

नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले यही असोज ३ र ४ गते हुने वडा तहको अधिवेशनमा उत्साहपूर्वक सहभागी हुन पार्टीका क्रियाशील सदस्य तथा सबै तहका नेता, कार्यकर्तालाई आग्रह गरेको छ।

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयअनुसार यही असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुने १५औं केन्द्रीय महाधिवेशनअन्तर्गत वडा तहको निर्वाचन कार्यक्रम असोज ३ र ४ गतेदेखि सुरु हुँदैछ । समितिका सदस्य सचिव राजु कटुवालले शुक्रबार विज्ञप्ति जारी गरी वडा तहको निर्वाचन सम्पन्न गर्न ७७ वटै जिल्लामा निर्वाचन अधिकृत खटिएर कार्यप्रारम्भ गरिसकेको बताउनुभयो। जिल्ला निर्वाचन अधिकृतले जिल्ला तह तथा स्थानीयस्तरका पार्टीका जिम्मेवार पदाधिकारी र सदस्यसँग निर्वाचनसम्बन्धी व्यापक छलफल गर्नुका साथै वडा तहमा मतदान अधिकृत खटाउनेलगायतका कार्य सम्पन्न गरिसकेको विज्ञप्तिमा उल्लेख छ । समितिले कुनै पनि अफवाह र भ्रामक कुरामा नलागी असोज ३ र ४ गते हुने वडा अधिवेशन प्रक्रियामा उत्साहपूर्वक सहभागी भई निर्वाचन प्रक्रियामा भाग लिन सम्पूर्ण क्रियाशील सदस्य तथा पार्टीका सबै तह र निकायलाई हार्दिक अनुरोध गरेको छ।



# ६४ औँ इन्जिनियर दिवसमा कास्कीका तीन सहित उत्कृष्ट इन्जिनियर सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज




नेपाल इन्जिनियर्स एसोसिएसन (एनईए) ले ६४औँ इन्जिनियर दिवसका अवसरमा विभिन्न विधामा उल्लेखनीय योगदान पुऱ्याउने इन्जिनियर तथा संस्थालाई सम्मान गरेको छ।

यस वर्षको युवा मस्तिष्क र इन्जिनियरिङ उत्कृष्ट नेपालको निर्माण भन्ने मूल नारासहित हालै आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले उत्कृष्ट इन्जिनियरहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको हो।

एनईएको वेबसाइटमा प्रकाशित विवरण अनुसार, यस वर्ष विभिन्न विधामा प्रदान गरिएको सम्मानमा कास्कीका तीन जना इन्जिनियर समेत परेका छन्। कास्कीका इन्जिनियर दिनेश कुमार घिमिरेले 'सहिद इन्जिनियर नवराज बिष्ट स्मृति पुरस्कार', इन्जिनियर डा.बिकाश अधिकारीले 'युवा इन्जिनियर उत्कृष्टता पुरस्कार' प्राप्त गर्नुभएको छ। यस्तै, कास्कीकै एक अन्य इन्जिनियरलाई पनि समारोहमासम्मानगरिएकोएनईएको विवरणमा उल्लेख छ। समारोहमा इन्जिनियरिङ क्षेत्रमा जीवनभर पुऱ्याएको योगदानको कदर गर्दै ललितपुरका इन्जिनियर बदन लाल न्याछ्यौंलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ।

प्राज्ञिक क्षेत्रमा उत्कृष्ट योगदानका लागि स्याङ्जाका प्रा. डा. गजेन्द्र शर्मालाई ' एकेडेमिक इन्जिनियर उत्कृष्टता पुरस्कार' तथा नवप्रवर्तनतर्फ काठमाडौंका इन्जिनियर महेश नुनपानेलाई 'इनोभेटिभ इन्जिनियर उत्कृष्टता पुरस्कार' प्रदान गरिएको छ। विशेषगरी, कास्कीका इन्जिनियर दिनेश कुमार घिमिरेलाई इन्जिनियरिङ आदर्श, पेशागत स्वतन्त्रता तथा गुणस्तरीय प्रविधिको प्रयोग गर्दै नेपालको दुर्गम क्षेत्रमा ग्रामीण पूर्वाधार विकासमार्फत जनजीवनमा उल्लेखनीय परिवर्तन ल्याउन पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै 'सहिद इन्जिनियर नवराज बिष्ट स्मृति पुरस्कार' प्रदान गरिएको हो। त्यसैगरी, युवा पुस्ताको प्रतिनिधित्व गर्दै कास्कीका इन्जिनियर डा. बिकाश अधिकारीलाई 'युवा इन्जिनियर उत्कृष्टता पुरस्कार' प्रदान गरिएको छ। यस सम्मानले इन्जिनियरिङ क्षेत्रमा नयाँ पुस्ताको योगदान, सिर्जनशीलता र नेतृत्व क्षमतालाई प्रोत्साहन गर्ने उद्देश्यलाई समेत प्रतिबिम्बित गरेको छ। प्रादेशिक तथा अन्तर्राष्ट्रिय योगदानको कदर गर्दै एनईए लुम्बिनी प्रदेशलाई 'एनईए प्रादेशिक उत्कृष्टता पुरस्कार' र जापानमा कार्यरत इन्जिनियर प्रा. डा. होमबहादुर रिजाललाई 'डायस्पोरा इन्जिनियर उत्कृष्टता पुरस्कार' प्रदान गरिएको छ। सार्वजनिक सेवातर्फ उल्लेखनीय योगदानका लागि बाराका इन्जिनियर सुनिल कुमार कुशवाहालाई 'सार्वजनिक सेवा उत्कृष्टता पुरस्कार' प्रदान गरिएको छ। महिला इन्जिनियर तथा वास्तुविद्को योगदानलाई समेत समारोहमा विशेष प्राथमिकता दिइएको थियो। ललितपुरकी इन्जिनियर सुमिता सुबेदीले 'महिला वास्तुविद् उत्कृष्टता पुरस्कार' तथा ललितपुरकै इन्जिनियर डा। रेश्मा श्रेष्ठले 'महिला इन्जिनियर उत्कृष्टता पुरस्कार' प्राप्त गर्नुभएको छ। राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न समारोहमा मन्त्री विराजभक्त महर्जन तथा नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष इन्जिनियर सुवास चन्द्र बराललगायतको उपस्थिति रहेको थियो। इन्जिनियर दिवसका अवसरमा प्रदान गरिएको यस वर्षको सम्मानले पूर्वाधार विकास, प्राविधिक सेवा, नवप्रवर्तन, अनुसन्धान, सार्वजनिक सेवा तथा ग्रामीण क्षेत्रको विकासमा इन्जिनियर हरूको योगदानलाई संस्थागत रूपमा सम्मान गर्ने एनईएको निरन्तर प्रयासलाई थप उजागर गरेको छ।

# महिलाका लागि यौन तथा प्रजनन् स्वास्थ्य सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



नेपाल परिवार नियोजन संघ कास्कीले महिलाका लागि यौन तथा प्रजनन् स्वास्थ्य सचेतना कार्यक्रम गरेको छ।

१३ औं परिवार योजना दिवस तथा नेपाल परिवार नियोजन संघको ६७ औं स्थापना दिवसको अवसरमा पोखरा १४ काजिपोखरीमा कार्यक्रम गरिएको हो। जलेश्वर आमा समूह र प्रगतिशील टोल विकास संस्थाको समन्वयमा कार्यक्रम गरिएको थियो। समुदायमा परिवार नियोजनका सेवा बारे जानकारी दिने र महिलासँग सम्वन्धित स्वास्थ्य समस्या बारे सचेतना गर्ने उद्देश्यले कार्यक्रम गरिएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो। कार्यक्रम उद्घाटन पोखरा महानगरपालिका वडा नं १४ का वडाध्यक्ष बोध बहादुर कार्कीले गर्नुभएको थियो। कार्यक्रममा उहाँले मानिसको जीवनको लागि स्वास्थ्य सबैभन्दा बढी महत्वपूर्ण भएको उल्लेख गर्नुभयो। उहाँले जनताका आवश्यकतामा आफू सदैव साथमा रहने बताउनुभयो।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका विशेषज्ञ सदस्य डा. लक्ष्मी पौडेल, वरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी, स्टाफ नर्स अनुषा भुजेल र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारीले संचालन गर्नुभएको थियो।

# भोटेकोशी बाढी: बेपत्ता आफन्त फर्किने आस मरेपछि परिवारले गरे अन्त्येष्टि

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



भोटेकोशी बाढीमा बेपत्ता भएको तीन साता बितिसक्दा पनि कुनै खबर नआएपछि पोखरा महानगरपालिका-५ प्रर्स्याङकी २२ वर्षीया सृष्टि बास्तोलाको बिहीबार अन्तिम संस्कार गरिएको छ।

काठमाडौं विश्वविद्यालयमा सिभिल इन्जिनियरिङ अध्ययनरत सृष्टि भदौ ९ गते अन्य दुई साथीसँग नुवाकोटस्थित अपर त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा इन्टर्नसिपका लागि पुग्नुभएको थियो। त्यसको भोलिपल्ट आएको विनाशकारी बाढीमा परेपछि उहाँको अवस्था अज्ञात छ।

छोरीको खोजीमा बुबा माधव बास्तोला दुई पटकसम्म रसुवा, नुवाकोट पुग्नुभयो। बाढीले पुऱ्याएको क्षति देखेपछि छोरी सकुशल फर्किने सम्भावना न्यून देखिए पनि परिवारले आशा भने मारेको थिएन। घटना भएको २२ दिनसम्म पनि सृष्टिको कुनै खबर तथा सूचना प्राप्त नभएपछि परिवारले अन्तिम संस्कार गर्ने निर्णय गरेको हो। पोखराको तुलसीघाटमा सृष्टिको कुशको शवको प्रतिमा बनाएर अन्त्येष्टि गरिएको छिमेकी वसन्तराज गौतमले जानकारी दिनुभयो।

"बाढी आउनुअघि भदौ ९ गते साँझमात्र सृष्टि नुवाकोट पुगेकी रहिछन्। बिहान परिवारसँग कुराकानी भएको रहेछ। त्यसपछि कुनै जानकारी प्राप्त भएन", गौतमले भन्नुभयो, "विनाशकारी बाढीपछि कतै अप्ठ्यारो ठाउँमा भएर सम्पर्क हुन नसकेको होला भन्ने आसमा थियौँ। तर लामो समयसम्म अवस्था पत्ता नलागेपछि परिवार अन्तिम संस्कार गर्ने निचोडमा पुगेको हो।"

देशको दक्ष प्राविधिक जनशक्ति बन्ने सपना बोकेर इन्टर्नसिपका लागि आयोजनास्थल पुगेकी सृष्टिको यात्रा अधूरै रहेको छ। अध्ययन पूरा गरेर देश निर्माणमा योगदान दिने उमेरमै बाढीमा बेपत्ता भएपछि परिवार, आफन्त र छिमेकी शोकमा डुबेको वडाध्यक्ष विष्णुप्रसाद बरालले बताउनुभयो।

"होनहार छोरी, परिवारको आशा र देशको सम्भावना बोकेकी सृष्टिको असामयिक निधनले सबैलाई स्तब्ध बनाएको छ", बरालले भन्नुभयो। त्यसैगरी भोटेकोशी बाढीमा बेपत्ता पोखरा महानगरपालिका-१४ समावेशी टोलका गोविन्दबहादुर अधिकारी क्षेत्रीको परिवारले पनि कुशको शवको प्रतिमा बनाएर अन्तिम संस्कार गरिसकेको छ। टिमुरेस्थित भन्सार कार्यालयमा सवारी चालकका रूपमा कार्यरत अधिकारी बाढी आएको दिनदेखि नै सम्पर्कविहीन हुनुहुन्छ। लामो समयसम्म खोजी गर्दा पनि उहाँको अवस्था पत्ता नलागेपछि परिवारले धार्मिक तथा सामाजिक परम्पराअनुसार अन्तिम संस्कार गरेको छिमेकी घनश्याम पाण्डेले बताउनुभयो। भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका पोखराका अझै १२ जनाको अवस्था अज्ञात रहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। बाढीमा बेपत्ता आफन्तको खोजीका लागि परिवारले सम्भावित स्थानमा पुगेर खोजी गरे पनि कुनै जानकारी नआएपछि कुशको शव बनाएर अन्तिम संस्कार गर्न थालेका हुन्।

**बेपत्ता फर्कने आस मेरेपछि अन्तिम संस्कार**

यसैबीच भोटेकोशी बाढीमा परी गत भदौ १० गतेदेखि बेपत्ता बैँसीसहर नगरपालिका-११ का झपटबहादुर घर्ती र राधिका घर्तीको आज कुशको शव बनाएर अन्तिम संस्कार गरिएको छ।

बाढीपछि सम्भावित सबै ठाउँमा खोजी गर्दा पनि दम्पतीको अवस्था पत्ता नलागेपछि परिवारले काजकिरिया सुरु गरिएको भतिज विशाल घर्तीले बताउनुभयो। "खोज्नुपर्ने सबै ठाउँमा खोजिसक्यौँ। अब उपाय बाँकी रहेन। काजकिरिया सुरु गरेका हौँ", उहाँले भन्नुभयो।

बैँसीसहर-११ का ४५ वर्षीय झपटबहादुर र उहाँकी श्रीमती ४३ वर्षीया राधिका रसुवास्थित माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा कार्यरत हुनुहुन्थ्यो। गत भदौ १० गतेको बाढीपछि दुवै जना सम्पर्कविहीन हुनुभएको थियो। त्यसयता परिवार तथा सम्बन्धित निकायले सम्भावित स्थानमा खोजी गरे पनि उहाँहरूको शव फेला पर्न सकेको छैन। यस्तै, सोही बाढीमा बेपत्ता मर्स्याङ्दी गाउँपालिका-३ खुदीकी रमिला भण्डारीको अवस्था पनि हालसम्म पत्ता लाग्न सकेको छैन। उहाँको पनि संस्कारअनुसार काजकिरिया सम्पन्न भइसकेको छ। भण्डारी सबइन्जिनियरका रूपमा माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा कार्यरत हुनुहुन्थ्यो। जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक ज्ञानेन्द्रबहादुर क्षेत्रीका अनुसार भोटेकोशी बाढीमा जिल्लाका १० जना बेपत्ता भएका छन्। बेपत्तामध्ये तीन जनाको पहिचानका लागि डिएनए परीक्षणका लागि पठाइएको उहाँले जानकारी दिनुभयो।

# पोखरा प्रज्ञा प्रतिष्ठानले 'गन्धर्व गुञ्जन' कार्यक्रम गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

पोखरा प्रज्ञा प्रतिष्ठानको आयोजनामा गन्धर्व समुदायको मौलिक कला, संस्कृति र सङ्गीतको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले 'गन्धर्व गुञ्जन' कार्यक्रम हुने भएको छ।

यही असोज १० गते शनिबार पोखरा उद्योग वाणिज्य सङ्घको हलमा हुने कार्यक्रममा पोखरा तथा आसपासका विभिन्न स्थानका ८३ जना गन्धर्व कलाकार र तीन जना अतिथि कलाकारसहित ८६ जना कलाकारको सहभागिता रहने पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति सरस्वती प्रतीक्षाले जानकारी दिइन्। उनका अनुसार कार्यक्रममा गन्धर्व कलाकारहरूले एकल, युगल तथा सामूहिक प्रस्तुति दिनेछन्। यसका अलवा वरिष्ठ कलाकार पूर्ण नेपाली, वरिष्ठ कलाकार कृष्णबहादुर गन्धर्व र युवा कलाकार कुशल बेलवासे सहितका कलाकारको प्रस्तुतिमा रम्न पाइनेछ। कार्यक्रममा विशेषगरी गन्धर्व समुदायका मौलिक कला तथा सांस्कृतिक प्रस्तुतिलाई प्राथमिकता दिइनेछ।

पोखराको बाटुलेचौर, हेम्जा तथा लेखनाथ-बढहरे क्षेत्रका गन्धर्व कलाकारका प्रस्तुति, मौलिक तरबार नृत्य, तल्लो गगनगौडाका गन्धर्व कलाकारका मौलिक झ्याउरे तथा पुराना प्रस्तुतिहरू समावेश गरिने आयोजकले जनाएको छ। त्यस्तै, सारङ्गी, मादल र बाँसुरीका धुनसँगै युवालाई लक्षित सारङ्गी वादन तथा गायन प्रस्तुति पनि रहनेछ। गन्धर्व समुदायका मौलिक पुर्ख्यौली गीत तथा घटनाका गीतका साथै पछिल्लो भोटेकोसी बाढीपहिरो घटनासँग सम्बन्धित गीतसमेत कार्यक्रममा प्रस्तुत गरिने जनाइएको छ।

पोखरा प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिव जीवन दाहालले कार्यक्रमलाई बृहत् र प्रभावकारी बनाउने तयारी भइरहेको बताए। गन्धर्व समुदायका मौलिक कला, सङ्गीत र प्रतिभालाई एउटै मञ्चमा प्रस्तुत गर्दै संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ। 'गन्धर्व कलाकारका प्रतिभा र सारङ्गीका धुनसँग पोखराको पनि पहिचान जोडिएको छ,' दाहालले भने, ' पोखरा आसपासका कलाकारका हिजो, आज र भोलिका सिर्जना तथा जीवनका कथालाई बाहिर ल्याएर संरक्षण गर्दै देश तथा प्रदेशस्तरमा पुऱ्याउने प्रयास हो।' कुलपति प्रतीक्षासहितको नयाँ नेतृत्व आएपछि पोखरा प्रज्ञा प्रतिष्ठानले आयोजना गर्न लागेको यो पहिलो कार्यक्रम हो। कला, सङ्गीत र साहित्यको उद्गमस्थलका रूपमा पोखराको पहिचानलाई थप उजागर गर्ने उद्देश्यले पहिलो कार्यक्रम सारङ्गी र गन्धर्व संस्कृतिबाट सुरु गरिएको प्रतिष्ठानले जनाएको छ।

कार्यक्रम दिउँसो १ बजे सुरु भई करिब तीन घण्टासम्म सञ्चालन हुनेछ। गन्धर्व जातिको कर्खा, निर्गुण, रत्यौली जस्ता गीत समेत प्रस्तुत हुने कार्यक्रममा प्रवेश निःशुल्क रहेको सदस्य सचिव दाहालले जनाए। कार्यक्रमको तयारीमा तीव्रता दिइएको उनको भनाइ छ।

यसका अलाबा सञ्चारकर्मी दीपेन्द्र श्रेष्ठको सहजिकरणमा गन्धर्व समुदायका व्यक्तिहरूको सहभागीतामा प्यानल डिस्कसन समेत हुने सदस्य सचिव दाहालले खुलाए। पोखरा महानगरपालिकाबाट प्रतिष्ठानको लागि चालु आर्थिक वर्षमा करिब १ करोड ५० लाख रुपैयाँ बजेट विनियोजित भएकोमा १ करोड ३० लाख रुपैयाँ कार्यक्रम सञ्चालनमा र २० लाख रुपैयाँ कार्यालय सञ्चालनलगायतका काममा खर्च गर्ने योजना रहेको सदस्य-सचिव दाहालले जानकारी दिए। प्रतिष्ठानले आगामी दिनमा राष्ट्रव्यापी कविता सम्मेलनलगायतका विभिन्न कार्यक्रम आयोजना गर्ने तयारीसमेत गरेको छ।

# मिडिया फुटसलको फाइनलमा एनएसजेएफ गण्डकी र एफएनजे बागलुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

कल्प मिडिया मल्टीपर्पोज प्रालिद्वारा आयोजित नयाँलिपिको 'गण्डकी प्रदेशस्तरीय मिडिया फुटसल प्रतियोगिता - २०८३'को फाइनलमा नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) गण्डकी र नेपाल पत्रकार महासंघ (एनएफजे), बागलुङबीच प्रतिष्पर्धा हुने भएको छ।

पोखरा रंगशालाको मल्टिपर्पोज हलमा शुक्रबारदेखि सुरु भएको मिडिया कपमा एनएसजेएफ र बागलुङले समान ७ अंककासाथ फाइनलमा पुगेका हुन्। लिगकम नकआउट अवधारणामा खेलाइएको प्रतियोगितामा गण्डकीले आयोजक नयाँलिपि र लेखनाथ पत्रकार मञ्चलाई पराजित गरेको थियो। अर्को खेलमा बागलुङसँग बराबरी खेलेपछि ७ अंक प्राप्त गर्दै फाइनलमा पुगेको हो। यता, बागलुङले पनि लेखनाथ पत्रकार मञ्च र आयोजकलाई हराउँदै गण्डकीसँग बराबरी खेलेपछि समान ७ अंक बटुल्दै फाइनलमा प्रवेश गरेको हो। फाइनल प्रतिष्पर्धा शनिबार दिउँसो १ बजेदेखि सुरु हुने आयोजक कल्प मिडियाका अध्यक्ष सुरज श्रेष्ठले जनाएका छन्। यसअघि प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङले पत्रकार र आबद्ध संस्थाहरुबीच एकता र पेशागत सम्बन्ध सुधारमा खेल महत्वपूर्ण माध्यम बन्ने.धारणा राखिन्। समग्र खेल क्षेत्रसँगै खेलकुद पत्रकारितामा पनि आवश्यक बजेटको अभाव रहेको भन्दै आगामी वर्षको बजेट दुबै क्षेत्रलाई सम्बोधन हुने बजेट आउनेमा आफु विश्वस्त रहेको मन्त्री गुरुङले बताइन्। उनले प्रतियोगिताको सफलताको शुभकामनासमेत दिइन्।

सभापतिको आसनबाट बोल्दै आयोजक मिडियाका अध्यक्ष श्रेष्ठले प्रतियोगिताबाट आर्जित रकम हालै भोटेकोशी बाढीबाट प्रभावितहरुको राहतमा खर्च गरिने जानकारी दिँदै सम्पूर्ण टिम र सहभागी खेलाडी पोखरामा स्वागत गरेका छन्। प्रतियोगिताको विजेता टोलीले नगद ५० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछ। दोस्रो हुने टोलीले नगद ३० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन्।

व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ। त्यस्तै, प्रत्येक खेलमा म्यान अफ दि म्याच पुरस्कार नगद १ हजार ५ सय रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# जलवायु ...

परिवर्तनको प्रभावसम्बन्धी विषय पाठ्यक्रममा समेट्न माग गरिएको छ।

हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनको वास्तविक प्रभाव प्रत्यक्ष अनुभव गर्नका लागि सहरमा हुने गरेका जलवायुसम्बन्धी बैठक, सेमिनार हिमाली क्षेत्रमा आयोजना गर्न विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय सरकारी, गैरसरकारी संस्थासँग माग गरिएको छ। आठ बुँदे माग राख्दै केही दिनअघि प्रमुख जिल्ला अधिकारी, मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) को स्थानीय एकाइ कार्यालय र सामागाउँ प्रहरी चौकीमा समेत ध्यानाकर्षण पत्र पेस गरिएको अनसनरत युवा दावा नोर्वु लामाले जानकारी दिनुभयो।

# विद्यार्थीका सिर्जनशील नमुनाको पोखरामा प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

चौधौँ राष्ट्रिय विज्ञान दिवसका अवसरमा बिहीबार पोखरा प्रदर्शनी केन्द्रमा विज्ञान प्रदर्शनी आयोजना गरियो।

कास्की विज्ञान शिक्षक समाजले आयोजना गरेको उक्त प्रदर्शनीमा निजी र सामुदायिक गरी २८ विद्यालयका ३६ विद्यार्थी समूहले भाग लिएका थिए।

विद्यालय तहका विद्यार्थीलाई सूचनाप्रविधि र नवप्रवर्तनबारे जानकारी दिन प्रदर्शनीको आयोजना गरिएको समाजका अध्यक्ष महेशकुमार प्रधानले जानकारी दिनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# तनहुँका तीन ठूला सडक अलपत्र

**पोखरापत्र संवाददाता**
दमौली, २ असोज

निर्माण सुरु भएको लामो समय भए पनि यहाँका तीन सडक आयोजना रुग्ण बनेका छन् । आयोजना अलपत्र भएपछि सर्वसाधारणले सास्ती खेप्दै आएका छन् ।

गण्डकी प्रदेश सरकारको लगानीमा निर्माण सुरु गरिएका ती सडकलाई समस्याग्रस्त आयोजनामा राखिएको पूर्वाधार विकास कार्यालय तनहुँका सूचना अधिकारी किरण श्रेष्ठले जानकारी दिनुभयो । भानुमार्ग चन्द्रावती पिलिमार्ग कुन्छा कालीमाटी सडक, दुलेगौडा हर्कपुर सडक र आँबुखैरेनी छिम्केश्वरी सडक समस्याग्रस्त बनेको छ । भानुमार्ग चन्द्रावती पिलिमार्ग कुन्छा कालीमाटी सडक निर्माणका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । सम्झौताअनुसार २०७८ साल माघ १५ गते सम्पन्न गर्नुपर्ने थियो । पटकपटकको ताकेतापश्चात् पनि काम नभएपछि उक्त सडकमा २०८३ असारसम्म म्याद थप भएको थियो । उक्त खण्डमा हालसम्म ६५.९५ प्रतिशत काम सकिएको छ । कुल १०.१२ किलोमिटर लामो उक्त सडक स्तरोन्नतिका लागि रु २० करोड ३७ लाख ८६ हजारमा एमएस शङ्करमाली निर्माण सेवासँग सम्झौता भएको थियो । निर्माण कम्पनीलाई हालसम्म रु १३ करोड ४३ लाख ९६ हजार भुक्तानी गरिएको छ ।

दुलेगौडा-हर्कपुर सडकको हालसम्म वित्तीय ५० प्रतिशत र भौतिक ५५ प्रतिशत प्रगति भएको छ । यो सडकको ठेक्का पनि एमएस शङ्करमाली निर्माण सेवाले नै पाएको थियो । उक्त सडक स्तरोन्नतिका लागि २०७६ साल कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०७८ माघ १५ मा सकिनुपर्नेमा उक्त खण्डको म्याद पटकपटक थप गरिएको छ । अन्तिमपटक थपिएको म्याद २०८२ साल चैतमा सकिएको छ ।

हालसम्म रु १४ करोड ४७ लाख ४५ हजार ७४० भुक्तानी भइसकेको छ । १०.१८ किलोमिटर सडक स्तरोन्नतिका लागि रु २५ करोड ९९ लाख दुई हजार ८९५ मा सम्झौता भएको थियो । आँबुखैरेनी-छिम्केश्वरी सडक (पहिलो खण्ड) कालोपत्रका लागि २०७६ साल मङ्सिर ६ गते सम्झौता भएको थियो । विसं २०७८ फागुन १३ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद भए पनि पटकपटक म्याद थप गरिएको कार्यालयले जनाएको छ । निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८२ असोजसम्म थियो ।

यस सडकको भौतिक र वित्तीय प्रगति ९१ प्रतिशत बराबर छ । सो सडकका लागि रु ३६ करोड पाँच लाख ५० हजारमा एमएस शर्मा काष्ठमण्डप जेभी बल्खुसँग सम्झौता भएको थियो । कुल १६ किलोमिटर लामो सडक स्तरोन्नतिका लागि रु ३२ करोड ८५ लाख १३ हजार ४८६ भुक्तानी भइसकेको छ ।

# न्यू दमौली ४०० केभी सवस्टेशन निर्माण तीव्र गतिमा

**पोखरापत्र संवाददाता**
दमौली, २ असोज

मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए) नेपालअन्तर्गत तनहुँमा निर्माण भइरहेको न्यू दमौली ४०० केभी क्षमताको सवस्टेशनको भौतिक प्रगति ३६ प्रतिशत पुगेको छ । एमसिए नेपाल तनहुँका सम्पर्क अधिकृत हुमनाथ ढकालका अनुसार आयोजनाको वित्तीय प्रगति भने १२ प्रतिशत रहेको छ ।

सवस्टेशन निर्माणको जिम्मेवारी भारतको टेक्नो इलेक्ट्रिक एण्ड इन्जिनियरिङ कम्पनी लिमिटेडले पाएको छ । आयोजनाका लागि तीन करोड ८८ लाख ८३ हजार छ सय ४३ अमेरिकी डलरमा सम्झौता भएको हो ।

सम्झौता सन् २०२४ जुलाई ३१ मा भएको थियो भने सन् २०२७ नोभेम्बर २२ सम्ममा सम्पन्न गर्ने गरी निर्माण सन् २०२४ अगस्ट १८ देखि सुरु गरिएको थियो । निर्माण सम्पन्न भएपछि न्यु दमौली सवस्टेशनले विद्युत् प्रसारण प्रणालीको क्षमता विस्तार तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

**पाँच पालिकामा विद्युत् वितरण प्रणाली सुधार**

एमसिए नेपालले सवस्टेशन निर्माणसँगै साझेदारी क्रियाकलापअन्तर्गत तनहुँका पाँच स्थानीय तहमा विद्युत् वितरण प्रणाली सुधारको कामसमेत अघि बढाएको छ । यसअन्तर्गत पुराना तथा कमजोर विद्युत् पोल प्रतिस्थापन, एबी केबल तथा एसीएसआर केबल जडान र ट्रान्सफर्मर थप गर्ने काम भइरहेको छ । व्यास नगरपालिका-१, १२, १३ र १४ मा ४०७ वटा विद्युत् पोल फेर्ने, ४१ दशमलव २२ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा सात दशमलव ८२ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ । त्यस्तै आँबुखैरेनी गाउँपालिका-३, ४ र ५ मा ३७४ वटा पोल प्रतिस्थापन, २४ दशमलव ६६ किलोमिटर एबी केबल जडान, सातवटा ट्रान्सफर्मर निर्माण तथा १८ दशमलव ८५ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने योजना छ ।

बन्दीपुर गाउँपालिका-२, ३ र ६ मा २८४ वटा पोल फेर्ने, २१ दशमलव शून्य पाँच किलोमिटर एबी केबल जडान, पाँच वटा ट्रान्सफर्मर निर्माण तथा १५ दशमलव ५५ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ । घिरिङ गाउँपालिका-१, २, ३ र ५ मा ७८ वटा विद्युत् पोल प्रतिस्थापन, ५७ दशमलव ६८ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा चार दशमलव छ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ ।

यसैगरी ऋषिङ गाउँपालिका-१, ६, ७ र ८ मा ९२ वटा पोल फेर्ने, ४२ दशमलव ६५ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण तथा चार दशमलव ६२ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने कार्यक्रम छ ।

एमसिए साझेदारी क्रियाकलापअन्तर्गत सञ्चालन हुने यी कामले ग्रामीण तथा सहरी क्षेत्रमा विद्युत् वितरण प्रणालीलाई थप सुरक्षित र भरपर्दो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको ढकालको भनाइ छ । पुराना पोल तथा तार विस्थापन गरी एबी केबल जडान गरिने भएकाले विद्युत् चुहावट तथा प्राविधिक समस्या न्यूनीकरण हुनुका साथै उपभोक्ताले गुणस्तरीय विद्युत् सेवा पाउने अपेक्षा गरिएको छ ।

# कालीगण्डीको कटानबाट जोगाउन घरापमा कम्पोजिट पर्खाल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ असोज

कालीगण्डकीको कटानबाट जोगाउनका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ घरापमा बस्ती संरक्षण योजना अगाडि बढेपछि स्थानीयले राहत महसुस गरेका छन् ।

घरापका बासिन्दा सुदीपकुमार विकले नदीकिनारमा कम्पोजिट पर्खाल र र्‍यापिङ भएपछि यसपालि कटान रोकिएको बताउनुभयो ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत सो आयोजना अगाडि बढाइएको हो । बाढी र कटान रोकथामका लागि नदीकिनारमा ‘कम्पोजिट’ प्रविधिको पर्खाल निर्माण गरिएको इन्जिनियर नरजङ्ग गुरुङले बताउनुभयो । उहाँका अनुसार ९४ मिटर दूरीमा पर्खाल निर्माण गरिएको छ । जगदेखि दुई मिटर माथिसम्म चार मिटर फराकिलो आरसिसी र त्यसमाथि पलम पर्खाल लगाइएको छ । यस्तै, त्यसभन्दा माथि ग्याबियन जाली राखिएको छ । सो कार्यका लागि केटी/जेएसआर जेभीले २०८२ साल फागुन २५ गते रु एक करोड नौ लाख १६ हजारमा ठेक्का सम्झौता गरेको थियो । यस्तै, थप ९५ मिटर दूरीमा ठूला ढुङ्गा राखेर बाढी छेक्नका लागि ‘र्‍यापिङ’ गरिएको छ । सो कार्यका लागि एमपी निर्माण सेवाले रु १२ लाखमा ठेक्का सम्झौता गरेको थियो । यस्तै, स्थानीय निलगिरि आधारभूत विद्यालयको भवन क्षेत्र संरक्षणका लागि पनि प्रक्रिया अगाडि बढाउनुपर्ने स्थानीयवासी प्रेमबहादुर तिलिजाले बताउनुभयो । मुस्ताङ जाने वैकल्पिक पदमार्ग र अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको प्रवेशबिन्दुमा पर्ने घराप गाउँमा २५ घरपरिवारको बसोबास छ । सुन्तलाको बगैँचा रहेको घरापमा नेपाल विद्युत् प्राधिकरणको तातोपानी वितरण केन्द्र कार्यालय र निलगिरि आधारभूत विद्यालय अवस्थित छ ।

# सृजनामा नेपाली कविता प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

पोखरा-८, सृजनाचोकस्थित सृजना सेकेन्डरी स्कुलको अतिरिक्त क्रियाकलाप अन्तर्गत यही असोज १ गते बिहीबारका दिन विद्यालयको आयोजना तथा युवा रेडक्रस सर्कल, सृजना मा.वि.को व्यवस्थापनमा कक्षा ११ र १२ विज्ञान तथा व्यवस्थापन समूहका विद्यार्थीहरूबीच नेपाली कविता प्रतियोगिता सम्पन्न भएको छ ।

विद्यालयको नेपाली विभागका प्रमुख विष्णु प्रसाद सुवेदीको संयोजकत्व तथा कक्षा १२ विज्ञान समूहकी छात्रा योजना माझीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कक्षा ११ र १२ विज्ञान तथा व्यवस्थापन समूहका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले मानवता, रेडक्रस, प्रकृति, संस्कृति, प्राकृतिक विपत्ति, शिक्षा, देशप्रेमलगायत विविध विषयमा आधारित गद्य तथा पद्य शैलीका श्वरचित कविता वाचन गरेर आफ्नो सिर्जनात्मक क्षमता, भाषिक दक्षता र साहित्यिक प्रतिभा प्रदर्शन गरेका थिए ।

प्रतियोगितामा सहभागी विद्यार्थीहरूमध्ये कक्षा ११ विज्ञान समूहकी छात्रा प्रतिष्ठा सुवेदीले प्रथम स्थान हासिल गरेकी छन् भने कक्षा ११ व्यवस्थापन समूहकी छात्रा मेनुका पौडेलले द्वितीय स्थान हासिल गर्न सफल भएकी छन् । त्यसैगरी कक्षा १२ व्यवस्थापन समूहकी छात्रा सुस्मिता ढकालले तृतीय स्थान हासिल गरेकी छन् भने कक्षा १२ विज्ञान समूहकी छात्रा सन्ध्या चापागाईं र कक्षा ११ व्यवस्थापन समूहकी छात्रा रीतिका तिवारीले संयुक्त रूपमा चौँथो स्थान हासिल गर्न सफल भएका छन् । विद्यालयको सभाहलमा सम्पन्न उक्त कार्यक्रमको निर्णायकमा विष्णुप्रसाद सुवेदी र ज्योति चालिसे रहनुभएको थियो भने विद्यालयका १०+२ तर्फका भाइस प्रिन्सिपल हेमराज तिवारीले शुभकामना मन्तव्य राख्नुभएको थियो । विद्यालयका मा.वि (११ र १२) इन्चार्ज दुर्गाप्रसाद अधिकारीले विजयी विद्याथीहरूलाई अविर लगाएर सम्मान तथा हौसला प्रदान गर्नुभएको थियो ।

यस कार्यक्रमका विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण विद्यालयले आयोजना गर्ने विशेष कार्यक्रमका अवसरमा गरिने कुरा भाइस प्रिन्सिपल हेमराज तिवारीले जनाउनुभयो । उक्त कार्यक्रमको सञ्चालन कक्षा १२ विज्ञान समूहकी छात्रा रस्मिता श्रेष्ठ र कक्षा ११ विज्ञान समूहकी छात्रा मल्लिका क्षेत्रीले गरेका थिए ।

# तेस्रो पर्वतीय दौड प्रतियोगिताका लागि फाराम खुला

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

पोखरा महानगरपालिका-२२ पुम्दी-भुम्दीमा यही असोज २४ गते आयोजना हुने पर्वतीय दौड प्रतियोगिता २०८३ मा सहभागी हुन चाहने धावकका लागि अनलाइन दर्ता फाराम खुला भएको छ ।

प्रतियोगितामा सहभागी हुन इच्छुकले पोखरा क्लिक डटकममा गएर अनलाइनमार्फत फाराम भर्न सक्ने प्रतियोगिताका संयोजक दीननाथ बरालले जानकारी दिनुभयो । प्रतियोगितामा विदेशी धावकसहित बढीमा ३ सय जनालाई मात्र सहभागी गराइने उहाँले बताउनुभयो । संयोजक बरालले अन्य दौड प्रतियोगिता भन्दा पुम्दी-भुम्दी पर्वतीय दौड केही फरक रहेको बताउनुभयो ।

ग्रामीण परिवेशमा रहेको पुम्दी-भुम्दी क्षेत्रका तीन धार्मिक तथा पर्यटकीय गन्तव्यलाई समेटेर प्रतियोगिता आयोजना गरिने भएकाले व्यवस्थापन सहज बनाउन पनि सहभागी संख्या सीमित गरिएको उहाँको भनाइ छ ।

विश्व पर्यटन दिवसको अवसरमा आयोजना हुने प्रतियोगिता यसअघि भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित भएकाले केही समय तयारी रोकिएको थियो ।

सोही कारण प्रतियोगिताको मिति दुई साता सारेर असोज २४ गते आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । पुम्दी-भुम्दी क्षेत्रको खेल तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुने प्रतियोगितामा म्याजेस्टिक लेक फ्रन्ट होटल एण्ड सुइट्स हस्पिटालिटी पार्टनरका रूपमा जोडिएको छ । नेलम्बो नेपाल मेडिकल पार्टनर र पोखरा टेलिभिजन अफिसियल टेलिभिजनका रूपमा रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिता सफल बनाउन पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेको छ भने परिचय एड्भर्टाइजिङ, पोखरा महानगरपालिका-२२ वडा युवा परिषद्, स्थानीय क्लब, व्यवसायी तथा विभिन्न संघसंस्थाको सहयोग रहेको आयोजकले जनाएको छ ।

प्रदेश खेलकुद परिषद् गण्डकीको अनुमतिमा पोखरा २२ को समन्वयमा उक्त प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा खुलासहित ६ वटा विधामा प्रतिष्पर्धा हुँदैछ ।


## कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८३/०६/०३)

यस सहकारीबाट तपशिल बमोजिमका व्यक्तिले ब्यापार उद्देश्यका लागि मिति २०७७/०९/१९ मा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा संस्थाले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको ३५ (पैतिस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा नियमावली, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन, र हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.को विनियम बमोजिम ऋणी व्यक्ति कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिने समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

**तपशिल**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | नाम : शिव राम शर्मा<br>बाबु : मोतीलाल शर्मा पौडेल<br>बाजे : वृहस्पती पाध्या<br>स्थायी ठेगाना : कुश्मा न.पा.<br>वडा नं. १८, पर्वत<br>हाल : पोखरा ३३, कास्की<br>ना.प्र.नं.: ४७१७, पर्वत<br>जारि मिति : २०४८/०९/०५ | नाम : देवी कुमारी तिमिल्सिना<br>पति : शिव राम शर्मा<br>बाजे : मोतीलाल शर्मा पौडेल<br>स्थायी ठेगाना : कुश्मा न.पा.<br>वडा नं. १८, पर्वत<br>हाल : पोखरा ३३, कास्की<br>ना.प्र.नं. : २७७०२ , पर्वत<br>जारि मिति : २०५६/१२/१५ |
| **लेना रकम** : सावाँ रु. ५०,७१,०१३/- ब्याज रु. ८,६७,८११/- गरी जम्मा रु. ५९,३८,८२४/- (अक्षरुपी उनान्साठी लाख अड्तीस हजार आठ सय चौबीस रुपैया) मात्र । | | |

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९, ५०४०६१



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं.५२४४८५५ का नायक वीरजंड गुरुङको माग निवेदन अनुसार निजको श्रीमती हेम कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर हेम कुमारी गुरुङ र जन्ममिति वि.सं. २०२७।११।१० (ई.सं.१९७१।०२। २२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर हेम माया गुरुङ र जन्ममिति ई. सं. १९७०।०२।१२उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २९ नं. वडा कार्यालयको च.नं. ७२८ मिति २०८३।०६।०१ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# कास्की मोर्डनाइज्डद्वारा बाढीपीडितलाई ४ लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



कास्की मोर्डनाइज्ड एकेडेमीले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकहरुको राहत तथा पुनर्स्थापनका लागि नगद ४ लाख रुपैयाँ सहयोग गरेको छ।

विद्यालयका तर्फबाट प्रदान गरिएको उक्त रकम नेसनल प्याब्सन कास्की मार्फत २ लाख, केन्द्रीय समिति मार्फत १ लाख र हिसान कास्की मार्फत १ लाख गरी जम्मा ४ लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने गरी रकम हस्तान्तरण गरेको हो। कार्यक्रममा कास्की मोर्डनाइज्ड एकेडेमीका संस्थापक प्राचार्य तथा नेसनल प्याब्सन केन्द्रीय समितिका उपाध्यक्ष समेत रहेका राम बहादुर मोचीले नेसनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष मनकाजी गुरुङ, वरिष्ठ उपाध्यक्ष प्रेमराज अधिकारी, उपाध्यक्ष राजु केसी, कोषाध्यक्ष राजु कायस्थ, हिसान कास्कीका अध्यक्ष दिवाकर जैसीलाई प्रधानमन्त्री राहत कोषामा रकम जम्ममा गर्ने गरी चेक हस्तान्तरण गरेका हुन् । कार्यक्रममा कास्की मोर्डनाइज्ड एकेडेमीका संस्थापक प्राचार्य तथा नेसनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष रामबहादुर मोचीले सहयोग रकम हस्तान्तरण गर्दै शिक्षा क्षेत्र केवल पठनपाठनमा सीमित नभई सामाजिक सेवासँग पनि जोडिनुपर्ने बताए । उनले विपद्का कारण समस्यामा परेका व्यक्ति तथा परिवारलाई सहयोग गर्नु मानवीय दायित्व भएको उल्लेख गरे । उनले विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक तथा शैक्षिक संस्थाहरूबीच सहकार्य गरेर सामाजिक क्षेत्रमा योगदान गर्न सकिने बताए। संकटको समयमा पीडितलाई तत्काल राहत उपलब्ध गराउनुका साथै दीर्घकालीन रूपमा उनीहरूको पुनःस्थापनामा समेत सहयोग आवश्यक रहेको उनको भनाइ थियो । कार्यक्रममा नेसनल प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्काले निजी शिक्षण संस्थाहरूले सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै मानवीय सेवाका क्षेत्रमा निरन्तर योगदान गर्दै आएको बताए। खड्काले विपद् र संकटका समयमा राज्यसँगै विभिन्न संघसंस्था, विद्यालय तथा नागरिक समाजको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे । पीडितको दुःखमा साथ दिन गरिएको सहयोगले राहतसँगै सामाजिक एकता र सहकार्यको भावना समेत बलियो बनाउने उनले बताए।

त्यसैगरी हिसान कास्कीका अध्यक्ष दिवाकर जैसीले सहयोगका लागि कास्की मोडर्नाइज्ड एकेडेमी प्रति धन्यवाद व्यक्त गर्दै शैक्षिक संस्थाहरूले विद्यार्थीलाई किताबी ज्ञानसँगै मानवीय संवेदना, सामाजिक जिम्मेवारी र सहयोगको संस्कारसमेत सिकाउनुपर्ने बताए।

कास्की मोर्डनाइज्ड एकेडेमीका भाइस प्रिन्सिपल शिबलाल उपाध्याय यस अघि विद्यालयले खाद्यान्न सामाग्री पढाएको साथै विद्यालको तर्फबाट क्षतीग्रस्त स्थानमा पुगेर १ लाख वढिको पुस्तक तथा कपि र १ सय २० जान विद्यार्थी वस्ने मिल्ने डेक्स वेञ्च उपलब्ध गराउने जानकारी दिए। निजी तथा आवासीय विद्यालय र शैक्षिक संस्थाहरूले विपद् तथा संकटका समयमा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै पीडितको साथमा उभिएको उनको भनाई थियो।

# पोखरामा १० मा 'फेमिली सा मार्ट' सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज




पोखरा महानगरपालिका १० औधोगिक क्षेत्र अगाडि मिलन टोल, मिलन मार्गमा 'फेमिली सा मार्ट' सञ्चालनमा आएको छ।

शुक्रवारबाट सञ्चालनमा आएको मार्ट ६० लाख रुपैँयाको लगानिमा सञ्चालनमा आएको हो। आधुनिक तथा व्यवस्थित स्वरूपमा स्थापना गरिएको मार्टले स्थानीय उपभोक्तालाई एउटै छानामुनि दैनिक उपभोग्य आवश्यक सामग्री उपलब्ध गराउने लक्ष्य लिएको सञ्चालक सुब्बा गुरुङले बताए।

मार्टको उद्घाटनका अवसरमा ग्राहकलाई लक्षित गर्दै सामानमा १० प्रतिशत सम्म विशेष छुट को व्यवस्था गरिएको सञ्चालक गुरुङले उल्लेख गरे। पोखरा-१० का स्थानीय उपभोक्तालाई लक्षित गर्दै मार्ट सञ्चालनमा ल्याएका हौँ।

मार्टमार्फत स्थानीय क्षेत्रमा रोजगारी सिर्जना गर्नुका साथै व्यापारिक गतिविधिमा पनि योगदान पुर्‍याउने हाम्रो उद्देश्य हो। आगामी दिनमा ग्राहकको आवश्यकता र सुझावलाई ध्यानमा राख्दै सामग्री तथा सेवामा थप विविधता ल्याउँदै जानेछौँ"सञ्चालक गुरुङले भने।

पछिल्लो समय पोखरामा दैनिक उपभोग्य वस्तुको खरिदका लागि सुपरमार्केट तथा मार्टप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ। एउटै स्थानमा विभिन्न प्रकारका सामान उपलब्ध हुने, मूल्य तथा सामग्री छनोट गर्न सहज हुने र खरिदमा समय बचत हुने भएकाले यस्ता मार्टप्रति उपभोक्ताको रुचि बढेको देखिन्छ।

# कोरियाली कलाकार किमद्वारा बाढीपीडितलाई ५ हजार किलो चामल सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज




गत भदौ १० गते भोटेकोशी नदीमा आएको अकल्पनीय बाढीबाट आहत बनेका रसुवाको उत्तरगया गाउँपालिकाका बाढीपीडितका लागि दक्षिण कोरियाली कलाकार तथा लेखक कु ह्युन किमले ५ हजार किलो चामल सहयोग गरेका छन्।

८० वर्षीय कोरियाली नागरिक किमले कोरियास्थित बुद्धिस्ट एकेडेमी, बुद्धिस्ट रिभ्यु र छेओड्याङ ट्राभल स्कुलका २६ जना सदस्यहरूसँग मिलेर रु ५ लाख रकम जुटाई नेपाल आएर उक्त सहयोग उपलब्ध गराएका हुन् । परिचय एड्भरटाइजिङको संयोजन र पोखरा महानगरपालिकाको सहजीकरणमा २५ किलो दरका २०० बोरा उच्च गुणस्तरको चामल रसुवाको उत्तरगयाका बाढीपीडितसमक्ष पर्‍याइनेछ ।'हाम्रा पुर्खालाई ७५ वर्षअघि कोरियाली युद्धको कठिन समयमा नेपालले दिएको चामल सहयोगको गुन अझै सम्झनामा छ। साथीहरूले कफी खाने खर्च बचाएर जुटाएको यो सहयोग नेपालप्रतिको कृतज्ञता हो।'

विगत ११ वर्षदेखि भिजिट भिसामा नेपाल आउजाउ गर्दै आएका किमले नेपाललाई आफ्नो दोस्रो घर मान्दै आएका छन् । बाढीको खबर पाएलगत्तै आफू अघिल्लो वर्ष रसुवा हुँदै कैलाश मानसरोवर पुगेको क्षण सम्झिएर सहयोग जुटाउन सक्रिय भएको उनले बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले ८० वर्षको उमेरमा पनि कोरियाबाट नेपाल आएर बाढीपीडितको सेवामा समय खर्चिने कलाकार किम र उनको टिमप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गरे। राहत अपुग भएको उत्तरगया गाउँपालिकाका पीडितसमक्ष यो सहयोग तुरुन्तै पठाउने प्रतिबद्धता प्रमुख आचार्यले जनाए। किमले बाढीपीडित नागरिकलाई कठिन समयमा सहयोग गर्न पाउँदा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यप्रति आभारी रहेको बताए। परिचय एड्भरटाइजिङका प्रबन्ध निर्देशक सोभित बस्यालले यस्ता मनकारी व्यक्तित्वको सहयोगी भावनाको कदर गर्दै लक्षित वर्गसम्म राहत पुर्‍याउन समन्वय गर्नु संस्थाको सामाजिक दायित्व भएको बताए । सन् १९५० देखि १९५३ सम्म चलेको कोरियाली युद्धका क्रममा खाद्यान्न संकट झेलेको कोरियालाई नेपालले मानवीय नाताले चामल पठाएको कथा बाल्यकालमै सुनेका किमका लागि यो सहयोग साढे सात दशक पुरानो भावनात्मक ऋण र कृतज्ञताको सजीव प्रतिविम्ब बनेको छ।

# बाढीपीडितलाई बागलुङबाट ३० लाख ६३ हजार सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

भोटेकोशी बाढीपीडितका लागि बागलुङबाट विभिन्न संस्था तथा व्यक्तिले रु ३० लाख ६३ हजार ९२४ सहयोग गरेका छन्।

बागलुङका २३ संस्था तथा समूहले जिल्ला प्रशासन कार्यालयमार्फत रु १९ लाख ८ हजार ३६९ सहयोग गरेका छन् भने मुक्तिनाथ बाबाले रु ११ लाख ५५ हजार ५५५ सहयोग गर्नुभएको छ। बागलुङका सामाजिक संस्था, समूह, व्यवसायी, जनप्रतिनिधि तथा समुदायका व्यक्तिले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी जिल्ला प्रशासन कार्यालयमार्फत सहयोग गरेको प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो। राहत कोषमा रु १० हजारदेखि रु पाँच लाखसम्म सहयोग गरिएको छ।

बिहुँकोट अन्तरराष्ट्रिय समाजले रु पाँच लाख, देउराली महिला समूहले रु एक लाख पाँच हजार ४५५, बैंकर्स क्लब बागलुङले रु ६० हजार, मुक्ति शान्ति दिदीबहिनी समूह बागलुङ नगरपालिका-२ ले रु ४० हजार ७६६ र होटल व्यवसायी सङ्घ बागलुङले रु एक लाख ४५ हजार ४०० सहयोग गरेका छन्।

रोटरी क्लब अफ बागलुङले रु एक लाख दुई हजार पाँच, नेपाली इसाई समाज बागलुङले रु २५ हजार, बिवाइसी बागलुङले रु १५ हजार, डिसिआरडिसीले रु १५ हजार, डिआइआरडिसीले रु १५ हजार, गाजा डेभलपमेन्टले रु १५ हजार र कन्सर्न नेपालले रु १५ हजार सहयोग गरेका छन्।

यसैगरी, शाक्य कल्याण समाजले रु २८ हजार, बागलुङ नगरपालिका-१३ पैयुँपाटाले रु एक लाख ५३ हजार ३३३, आदर्श महिला समूहले रु ४५ हजार, सिवाइसी सहकारी संस्थाले रु एक लाख ११ हजार १११, बागलुङ टेलरिङ व्यवसायीले रु एक लाख १२ हजार ६९०, प्रबुद्ध युवा समूहले रु १० हजार, काठेखोला गाउँपालिका-२ का जनप्रतिनिधिलगायतले रु एक लाख दुई हजार २७६, आदर्श सञ्चार अनलाइनले रु एक लाख एक हजार, नवजीवन महिला समूहले रु ४० हजार ५२५, ग्यालेक्सी हार्डवेयरले रु एक लाख र ज्येष्ठ नागरिक जिल्ला सङ्घले रु ३६ हजार ४७८ सहयोग गरेका छन्।

यसैगरी, मुक्तिनाथ पीठाधीश्वर कमलनयनाचार्यले रु ११ लाख ५५ हजार ५५५ प्रदान गर्नुभएको छ।

# शव व्यवस्थापन गरिएको स्थानमा स्मृति उद्यान बनाइने

**रासस**
चितवन, २ असोज

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा ज्यान गुमाएका नागरिकको शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटस्थित स्थानमा स्मृति उद्यान निर्माण गरिने भएको छ।

भरतपुरमा शुक्रबार आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष गणेश अर्यालले शव व्यवस्थापन गरिएको भरतपुर-देवघाटमा स्मृति उद्यान निर्माण गर्ने विषयमा छलफल गरिनुका साथै त्यसका लागि सल्लाहकार समिति, निर्माण समिति र स्रोत व्यवस्थापन समिति बनाएर स्मृति उद्यान निर्माणको कार्य अघि बढाउने बताउनुभयो। सो अवसरमा बाढीपछि जिल्लामा भएको खोज, उद्धार तथा शव व्यवस्थापनका गतिविधिको समीक्षा गरिएको थियो । चितवनमा सञ्चालन गरिएको खोज, उद्धार तथा शव सङ्कलन र व्यवस्थापन कार्यमा योगदान पुर्‍याउने व्यक्ति तथा संस्थालाई कदरपत्र समेत प्रदान गरिएको थियो।

प्रजिअ अर्यालले भोटेकोशी बाढीपछि जिल्लामा हालसम्म ३६४ शव फेला परेको जानकारी दिनुभयो । तीमध्ये ३५१ शव जमिनमुनि व्यवस्थापन गरिएको जानकारी दिनुभयो । हालसम्म १२ शव आफन्तले बुझेर लगेका र एउटा शव अस्पतालमा रहेको उहाँले बताउनुभयो । बाढीमा परेर मरेका पशुको व्यवस्थापन भरतपुर महानगरपालिकाले गरेको प्रजिअ अर्यालले जानकारी दिनुभयो । चितवनमा स्थायी ठेगाना भएका १५ जनाका परिवारजनले बाढीमा हराएका भन्दै नाम टिपाएको उहाँले बताउनुभयो। प्रजिअ अर्यालले भन्नुभयो, "पवित्रस्थल देवघाटमा हामीले शवको व्यवस्थापन गरेका छौँ। सो स्थानमा उद्यान बनाउँदा उनीहरुका आफन्तजन आएर मन बुझाउन, बहलाउन सकिन्छ भनेर उद्यान बनाउने योजना बनाएका हौँ।" यसबाट भावी पुस्तालाई इतिहास दर्शाउन महत्त्वपूर्ण टेवा पुग्ने र भविष्यमा आवश्यक पर्दा अन्तर्राष्ट्रिय समुदायसँग क्षतिपूर्ति माग गर्ने तथा न्याय खोज्ने प्रयोजनका लागिसमेत प्रमाणका रूपमा रहने भएकाले उद्यान बनाउने सोच आएको उहाँले बताउनुभयो।

# सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि १४ कार्यक्रम सञ्चालनमा

**रासस**
काठमाडौं, २ असोज

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि तथा शिक्षकको उत्तरदायित्व सुनिश्चित गर्न विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताउनुभएको छ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा विद्यार्थीको सिकाइ उपलब्धि बढाउन मन्त्रालयले हालसम्म सञ्चालन गरेका कार्यक्रमबारे जानकारी दिँदै मन्त्री पोखरेलले विद्यालय शिक्षा क्षेत्र योजना (एसइएसपी) र राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनमा रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार सङ्घीय तहबाट जाजरकोट, रुकुमपश्चिम र बझाङमा भूकम्पबाट क्षतिग्रस्त विद्यालय भवन पुनर्निर्माण, चेपाङ समुदायका विद्यार्थीका लागि आवासीय विद्यालय निर्माण तथा दुई हजारभन्दा बढी विद्यार्थी भएका विद्यालयको भौतिक पूर्वाधार विकासका कार्यक्रम सञ्चालन भइरहेका छन् । त्यस्तै, कमजोर भएका स्थानीय तहमा प्राविधिक सहायता, शिक्षक तथा विद्यार्थी आदानप्रदान कार्यक्रम, टेलिभिजनमार्फत शिक्षण-सिकाइ कार्यक्रम प्रसारण, पाठ्यपुस्तक तथा पाठ्यक्रमको विकास र परिमार्जन तथा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण पनि सञ्चालन भइरहेको मन्त्री पोखरेलले बताउनुभयो।

सङ्घीय सशर्त अनुदानअन्तर्गत प्रदेशमार्फत शिक्षकको पेसागत विकास तालिम, बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि पूर्वाधारयुक्त आवासीय विद्यालय तथा सङ्घ-प्रदेश साझेदारीमा 'हामी बनाउँछौँ हाम्रो विद्यालय' कार्यक्रम सञ्चालनमा रहेको छ। स्थानीय तहमार्फत भने दिवा खाजा, विशेष शिक्षाका लागि आवासीय विद्यालय, आधारभूत तथा माध्यमिक तहमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान, आधारभूत सिकाइ प्रवर्द्धन कार्यक्रम तथा प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण-सिकाइ व्यवस्थापन अनुदान प्रदान भइरहेको मन्त्री पोखरेलले बताउनुभयो।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2026-2027**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara:

   1.1. Repair and maintenance works of road of Embassy of India at Pension Paying Office, Pokhara.

2. The last date of receipt of offer in sealed envelope (EMD, Technical Bid and Financial Bid) separately on or before 05 Oct 2026 up to 1500 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 / 061-435804/061-435805.

3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**



## सूचना

पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय
शिक्षा महाशाखा, ड्यामसाइड, पोखरा

पोखरा महानगरपालिका अन्तर्गत वडा नं ८ स्थित श्री मिराकल मन्टेश्वरीको मिति २०८३।५।२६ गतेको पत्रानुसार उक्त मन्टेश्वरी खारेज गर्नु भनि निवेदन तथा कागजातहरु पेश भएको सन्दर्भमा उक्त मन्टेश्वरी खारेजी गर्न नमिल्ने तथा लगानी कर्ताको लेनदेन बाँकी भएको भए सूचना प्रकाशन भएको मितिले पैंतिस दिनभित्र मनासिव कारण सहितको निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ। तोकिएको समय अवधि भित्र उजुरी तथा निवेदन यस महाशाखामा पेश हुन नआएमा कानुन बमोजिम प्रक्रिया अगाडि बढाईने ब्यहोरा समेत जानकारीको लागि अनुरोध छ।